तेह्रथुम जिल्ला अदालत म्याङलुङ स्था : २०१९

विगो नं.-०९(०८०/८१) तहसिल शाखा

# तेह्रथुम जिल्ला अदालत

## लिलाम वढावढको सुचना

वादी जिल्ला तेह्रथुम साविक जिरीखिम्ती गा.वि.स. ८ हाल परिवर्तित म्याङलुङ नगरपालिका वडा नं.६ बस्ने पेम्बाको बुहारी पासाङ लाक्पवा शेर्पाको श्रीमती वर्ष ५९ की दादिकी शेर्पा तथा प्रतिवादी तेह्रथुम साविक ओयाक्जुङ गाविस वडा नं. ६ हालको परिवर्तित फेदाप गाउँपालिका वडा नं. २ बस्ने गजबहादुरको नाती दल बहादुर लिम्बूको छोरा वर्ष ४० को लक्ष्मी बहादुर लिम्बू भएको लेनदेन मुद्दामा यस अदालतको मिति २०८०/०२/२९ गतेको फैसला बमोजिम वादी दादिकी शेर्पाले प्रतिवादी लक्ष्मीबहादुर लिम्बूवाट लेनदेनको विगो वापत रु.१०,००,०००/- (दश लाख रुपैयाँ) र लिखत मितिबाट भरिभराउको मिति सम्म कानूनबमोजिम वार्षिक १०% ब्याज समेत भरिपाउने ठहरेकोले वादीले भराईपाउने विगो वापतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादी लक्ष्मी बहादुर लिम्बूको नाममा रहेको तपशिलमा उल्लेखित सम्पतिवाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०८०/१२/२९ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०८०/१२/२९ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ।वाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. **डाँक लिलाम हुने सम्पत्तिको विवरण**

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./ न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने जग्गाको तर्फ | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी बहादुर लिम्बू | म्याङलुङ-९ | ५२८ | ०-३-१-० (उक्त जग्गामा बनेको कच्ची घर समेत लिलाम हुने | | विगो रकमले खामेजति | विगो रकम बमोजिम | |

**सूचना टाँस हुने**

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- म्याङलुङ नगरपालिका वडा नं. ९ को कार्यालय
- साविक साब्ला गा.वि.स. वडा नं. १ को कि.न. ५२८ को जग्गा तथा सो कित्तामा बनेको कच्ची घर समेत
- अदालतको सूचना पाटी

ईती संम्बत २०८० साल फागुन २३ गते रोज ४ शुभम.......................................................

२०८०।११।२३

श्रेस्तेदार

उप-सचिव